# रौतामाईगाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यलय
भुट्टार,उदयपुर

पत्र संख्या:- ०७७/७८
च.न: :-

मिति २०७७/१०/१५

# सूचना। सूचना।। सूचना।।।

यही मिति २०७७ माघ १५ देखि २१ गतेसम्म निर्वाचन आयोगले देशभरका सबै स्थानीय तहका केन्द्रमा मतदाता नामावली अद्यावधिक(दाबी बिरोध समेत)कार्यक्रम सञ्चालन गर्दैछ ।उक्त कार्यक्रम अनुसार २०७७ माघ १५ गते नगरपालिका वा गाउँपालिकाको केन्द्रमा मतदाता नामावली प्रकाशन हुन्छ । २०७७ माघ १६देखि१८ गते मतदाता नामावलीमा रहेको नाम वा विवरणमा रहेको त्रुटि सच्याउन, दोहोरो नाम हटाउन निवेदन दिन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउनको लागि सूचना दिन सकिन्छ । कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा २०७७ माघ १६ र १७ मा उजुरी दिन र माग १८ र १९ गतेका दिन उजुरी परेको मतदातालाई प्रमाण सहित सफाइको मौका दिइने व्यवस्था रहेको छ ।

तसर्थ,उपरोक्त अनुसारको निर्धारित मितिमा यस रौतामाई गाउँपालिका अन्तरगतको केन्द्रमा गई मतदाता नामावलीमा रहेको आफ्नो नाम वा विवरणमा कुनै त्रुटि भए त्रुटि सच्याउन एवम् आफ्नो नाम दोहोरो परेको भए हटाउन निवेदन दिनुहुन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन र कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिनुहुन र सफाईलिनकालागि आवश्यक प्रमाण सहित यस केन्द्रमा उपस्थीत भइदिनुहुन रौतामाई गाउँपालिका भुट्टार उदयपुर हार्दिक अनुरोध गर्दछ।

नोटः सहायक नाम दर्ता अधिकारीको कार्यालय

मिति २०७७/१०/१६ गते शुक्रबार र १७ गते शनिबारका दिन समेत १० बजे देखि ५ बजे सम्म खुला रहने छ।

सम्पर्क व्यक्ति :हिमा खड्का

सम्पर्क नं.: ९८६०९७४७३७

पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner